वर्ष : १९, अंक : ३१, काठमाडौं, २०८० मंसिर २२ गते शुक्रबार, 8 December, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

जनमत पार्टीमा प्रवेशको लहर

काठमाडौं। २०७९ सालको आम निर्वाचनबाट नयाँ वैकल्पिक शक्तिको रूपमा उदाएको जनमत पार्टी पहिलो प्रयासमा राष्ट्रिय पार्टी बन्न सफल भएको छ। निर्वाचन पश्चात् जनमत पार्टी ६ प्रतिनिधि सभा सहित संघीय सरकार, १३ प्रदेश सभा सदस्य सहित मधेश सरकार र ३ प्रदेश सभा सहित लुम्बिनी सरकारमा आफ्नो सांकेतिक उपस्थिति जनाएको छ। गठबन्धन सरकारमा एक दुई मन्त्रालय लिएर सहभागी दलले खासै निर्णायक भूमिका खेल्न नसके पनि साना दलले राम्रै अनुभव हासिल गर्न सक्ने देखिन्छ।

संघीय सरकारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भएकी अनिता साहले कर्मचारी व्यवस्थापनमा भएको बेथिती सुधारमा लागेकी छन्। मन्त्रालयमा लाग्ने विचौलियाको दैनिक भीड़लाई कम गर्न सीसीटीवी जड़ान गरी निगरानी बढ़इएको छ। सरुवामा हुने आर्थिक चलखेल पूर्णतः बन्द भएको छ। आवश्यकता, समन्वय, सहजीकरण तथा नियम संगत तरिकाले सरुवा सम्बन्धी कार्यको सुरुवात भएको छ। जनमत पार्टीले एजेण्डा कै रूपमा उठाएको सुशासनको अनुभूति कर्मचारी व्यवस्थापनमा देखिएको छ।

उता केही महिना मात्र मधेश प्रदेश सरकारमा कृषि मन्त्री भएका जनमत

पार्टीका केन्द्रिय उपाध्यक्ष ई. बसन्त कुशवाहाले मधेशमा कृषि क्रान्तिका लागी गरेका पहल अहिले जन-जनमा चर्चाको विषय भएको छ। महीनौ किसान आन्दोलन गरेर किसानको पार्टीको रूपमा चर्चा कमाएको जनमत पार्टीले कृषि मन्त्रालय चलाएको केता किसानको सम्पूर्ण समस्या समाधानका लागी काम गरेको भए तापनि बजेट त्याउने अन्तिम समयमा मन्त्रीलाई विना विभागीय बनाइयो। र फेरी परम्परागत शैलीमा कृषि मन्त्रालयको बजेट पारित भयो।

ई बसन्त कुशवाहा कृषि मन्त्री भएकै बेला मलखाद वितरण प्रणाली र कोटा निर्धारणमा व्यापक सुधार लागु गरिएको थियो, जस कारण यस पालिको धान खेतीका लागी मधेश प्रदेशका ८ वटै जिल्लामा पर्याप्त मलखाद उपलब्ध भयो। वर्षैदेखिको मलखाद अभाव र काला बजारी यस वर्ष अन्त भयो, र किसानले सही मूल्यमा सही समयमा पर्याप्त मल प्रयोग गर्न पाये। वडा वडामा माटो परीक्षण गर्ने अभियान सुरू भयो। किसानका लागी विभिन्न प्रशिक्षण कार्यक्रम संचालन भयो। अनुदान कार्यक्रमलाई व्यवस्थापन गर्ने नीति तथा कार्यक्रम त्याइयो।

नयाँ बजेट मार्फत हरेक वडामा जैविक मल उद्योग खोल्ने, हरेक वडामा अनुदानमा आधारित बिउबिजनको एग्रोभेट खोल्ने, हरेक ४ बिगहामा एक सैलो ट्यूबवेल जड़ान गर्ने, हरेक पालिकामा २ वटा बजार स्थल व्यवस्थित गर्ने, हरेक निर्वाचन क्षेत्रमा कोल्ड स्टोर सहितका ठुला स्तरका बजार मंडी निर्माण गर्ने, हरेक उत्पादनको समर्थन मूल्य निर्धारण गर्ने जस्ता आधारभूत योजनाहरु थिए। तर योजनाकार मन्त्री नै परिवर्तन भएपछि अहिले ती कामहरु अत्यन्त परेको छ।

संसदीय प्रणाली अन्तर्गत संसदमा भएको संख्या निर्णायक हुन्छ। जनमत पार्टीको सांसद संख्या निर्णायक नभएपछि जति राम्रो नीति तथा कार्यक्रम भएपनि कार्यान्वयन गर्न सक्ने स्थिति देखिदैन। त्यही भएर जनमत पार्टी आगामी २०८४ को आम निर्वाचनलाई लक्षित गर्दै मिशन ८४ को अभियानमा केन्द्रित भएको छ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डॉ. सीके राउत अहिले मधेश केन्द्रित व्यापक पार्टी प्रवेशमा लागेका छन्। पसीदेखि सप्तरीसम्म बिगत केही महीनामा स्थापित पार्टीका केन्द्रिय नेताहरु देखि वडा तहका दशौं हजार व्यक्तिले अन्य पार्टी परित्याग गरी जनमत पार्टीमा प्रवेश गरेका छन्। जनमत पार्टी अब पुरै देशको भविष्यको पार्टीको रूपमा आउने संकेत देखेपछि गाउँ गाउँमा व्यापक सदस्यता वितरण र संगठन विस्तार भइरहेको देखिन्छ।

मधेश प्रदेशमा लागूऔषध विरूद्धको अभियान सुरू

जनकपुरधाम । मधेश प्रदेशमा लागूऔषध विरुद्धको अभियान सुरु भएको छ। मुख्यमन्त्री सरोजकुमार यादवले आइतवार महोत्तरीको बर्दिवासमा लागूऔषध विरुद्धको अभियानको उद्घाटन गर्नुभयो ।

मधेश प्रदेश प्रहरी कार्यालयले आयोजना गरेको लागूऔषध विरुद्धको अभियानको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री यादवले यो अभियानलाई सहयोग गर्न अभिभावकहरुमा आग्रह गर्नुभएको छ । अभिभावकले आफ्नो सन्तानको निगरानी गर्नुपर्छ, उहाँले भन्नुभयो- आफ्नो सन्तानको निगरानी गरेपछि लागूऔषध दुर्व्यसनीको संख्या घटनेछ । छोरा घरबाट निस्किने र फर्किने समयको निगरानी गर्नुस् ।

छोरा पक्राउ परेपछि छुटाउनमा लाग्नुभन्दा लागूऔषध सेवन नै नगर्ने गरी निगरानी गर्न मुख्यमन्त्री यादवले अभिभावकलाई आग्रह गर्नुभयो । कार्यक्रममा गृह, संचार तथा कानुन मन्त्री मोहम्मद सममिले लागूऔषधले बुवाआमाको सपनामा पानी खन्याएको जिकिर गर्नुहुँदै यो अभियानमा सहयोगको लागि आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो-लागूऔषधले समाजमा विकृति बढाएको छ । प्रदेश सरकारको यो अभियानमा सबै पक्षको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो ।

मधेश प्रदेशको आठै जिल्लामा लागूऔषधको कुलतमा लागेका युवाहरुलाई मनोपरामर्श दिइने लगायतको कार्यक्रमहरु गरिने मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले जानकारी दिनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका पूर्व गृह तथा संचारमन्त्री एवम् प्रदेशसभा सदस्य भरतप्रसाद साह, प्रदेशसभा सदस्य शारदा थापा, बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्री लगायतले आ आफ्नो मन्तव्य राख्नुभएको थियो ।

राष्ट्रपतीय व्यवस्था नै उपयुक्त : प्रभु साह

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले अहिलेको व्यवस्था असफल भईसकेको बताएका छन् । वर्तमान सरकार विघटन गरी अन्तरिम सरकार गठन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय व्यवस्थामा जानुपर्ने जिकिर उनले गरेका छन् ।

रौतहटको चन्द्रनिगाहपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले अहिलेको व्यवस्थाले देशमा समृद्धि आउँन नसक्ने ठोकुवा गर्दै राजनीतिक स्थायित्व एवं समृद्धिका लागि राष्ट्रपतीय व्यवस्थामा जानुको बिकल्प नभएको बताए ।

'देशलाई सही निकास दिनका लागि यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन नै हो । त्यो नहुँदा सम्म देशमा अस्थिरता र अन्योल कायमै रहन्छ, मुलुक समृद्ध पनि हुदैन' आजपा अध्यक्ष साहले भने, 'त्यसैले राजनीतिक अन्योलता र अस्थिरता हटाउँनका लागि हामीले जतिछिटो यो व्यवस्थाको खारेजी र अन्तरिम सरकार गठन गरी कार्यकारी राष्ट्रपतिको व्यवस्था नै त्यसको निकास हो ।'

दलियतन्त्र, तीन दलका तीन राजाको मनोमानीले राजनीतिक अस्थिरता, देश अहिले असफलताको बाटोमा गएको बताउँदै उनले आर्थिक समृद्धि र देशलाई सफलतातर्फ लैजानका लागि यो व्यवस्था खारेजीको बिकल्प नभएको ठोकुवा उनले गरे ।

बेदेशिक रोजगारीमा भईरहेको ठगीको अन्त्यका लागि आजपाले संघर्षका कार्यक्रम थालेको बताउँदै उनले २० मंसिरमा मधेस प्रदेशको राजधानी जनकपुरधाममा हुने बृहत जनप्रदर्शन कार्यक्रमलाई सफल बनाउँन निर्देशन दिए । यस्तै शिक्षामा देखिएको निषेध, असमानता तथा सिण्डिकेटको अन्त्य, आम जनतालाई ऋण, कर्जा दिलाउँन तथा बैंकिंड लुटका विरुद्धमा आजपाले संघषका विभिन्न कार्यक्रम गर्न लागेकाले त्यसका लागि सबै आ-आफ्नो ठाउँबाट जुटन उनले आह्वान गरे ।

चन्द्रपुर-५ मा आयोजित सो कार्यक्रमका बीच विभिन्न पार्टी परित्याग गरी दर्जनौ नेताहरु आजपामा प्रवेश गरेका छन् ।

बाँकी अन्तिम पृष्ठमा

किसानले उत्पादन गरेको वस्तुको बजार व्यवस्थापन नहुनु दुःखद : सांसद शर्मा

जनकपुरधाम । किसानले उत्पादन गरेको वस्तुले बजार पाउन नसकेको भन्दै मधेश प्रदेशसभाकी सांसद रानी शर्मा तिवारीले सरकारलाई ध्यानाकर्षण गराएकी छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालकी उपाध्यक्षसमेत रहेकी प्रदेश सांसद शर्माले मंगलवार प्रदेशसभामा प्रदेश कृषि विकास विधेयक २०८० को छलफलमा भाग लिंदै सो कुरा उठाएकी हुन् ।

किसानले उत्पादन गरेको खाद्यवस्तुले उचित बजार व्यवस्थापन पाउन नसक्दा फाल्नु पर्ने अवस्था अत्यन्तै दुःखद रहेको भन्दै सरकारले यसमा ध्यान दिनुपर्ने बताएकी छन् ।

अस्ति भर्खरको एउटा घटना सुनाउँदै उनले भनिन्, 'रौतहटको मिथिला कृषि फर्मले मूलाको खेती गरेको थियो, त्यो मूला बजारमा लान नसक्दा खेतमै

कहिने अवस्था भएपछि फर्मका सञ्चालकले आम जनतालाई आह्वान गर्नुभएको थियो कि कसलाई चाहिन्छ लैजानुस् । किनकि मिहिनेत गरेर खेती गरिएको हुन्छ, त्यो मिहिनेत गरेर उत्पादन गरेको वस्तु फाल्न पनि माया लाग्दोरहेछ । उहाँले बेच्न नसकेर सित्तैमा लिन आउनु भनेर सर्वसाधारणलाई आह्वान गर्नुभएको थियो । भनेपछि उहाँले बिना लगानी र मिहिनेत त्यो उत्पादन गर्नुभएको थिएन होला । त्यो लगानीको उत्पादनलाई सरकारले व्यवस्था गर्न सकेन ।'

उनले किसानले उत्पादन गरेको वस्तु बजार नपाउने बाध्यतालाई सरकारले बुझ्नुपर्ने बताएकी छन् । किसनले उत्पादन गरेको वस्तुको बजार व्यवस्थापन सुनिश्चित हुनुपर्ने माग उनले गरेकी हुन् ।

मिथिला कृषि फर्मका सञ्चालक जासर यादवले आफूले उत्पादन गरेको मूला बजार पाउन नसकेपछि खेतमै कुहिने अवस्था आउँदा सर्वसाधारणलाई सितैमा लिएर जान आह्वान गरेका थिए ।

लोसपाका महासचिवसमेत रहेको यादवले सामाजिक सञ्जालमा लेखेका थिए, 'आफ्नो मिथिला कृषि फर्मको मुलाको बजार नभएकोले आम जनतालाई सितैमा लैजान आग्रह । सरकारले सबैभन्दा पहिला किसानले उत्पादन गरेका बस्तुलाइ बेब्स्ती र मर्यादित बनाउनु परियो ।'

सम्पादकीय

खुला सिमाना व्यवस्थित गर

अहिले नेपाल-भारत खुल्ला सीमानालाई व्यवस्थित गर्न तार जाली लगाउने भन्ने विषय उठिरहेको छ। बोर्डरको छेउछाउ बस्ने व्यक्तिहरूसँग छलफल नै नगरी सीमा व्यवस्थापनको विषय अगाडि ल्याइएको छ। त्यहाँका जनताका लागि यस्तो प्रकारको सीमा व्यवस्थापन उचित हुन्छ कि हुँदैन भन्ने विषयमा संवाद गर्नका लागि नै हामीले यो संवाद समूहको निर्माण गरेका छौं। नेपाल-भारत प्रवुद्ध समूह (ईपीजी)ले आ-आफ्नो देशको सरकारलाई प्रतिवेदन तयार पारेको छ। ईपीजीका सदस्यहरूको विज्ञतामाथि कुनै प्रकारको शंका मलाई छैन। तर, आँखाको डाक्टर आँखाकै लागि मात्र ठिक हुन्छ उसले मुटुको अप्रेशन गर्न सक्दैन। त्यस्तै जो प्रभावित व्यक्ति छ उनीहरूको अवस्था पनि बुझ्नुपर्ने हुन्छ। सीमा व्यवस्थित गर्ने विषयमा निर्णय गर्दा त्यस क्षेत्रका जनताको धारणा पनि बुझ्न आवश्यक छ। मधेशमाथि नाकाबन्दी गर्ने र दबाब दिने अन्तिम अस्त्रको रूपमा भारतसँगको नाकामा तारजाली लगाउने विषयलाई अगाडि ल्याइएको हो जस्तो लागेको छ।

ईपीजीमा संलग्न व्यक्तिहरूले दुवै देशका प्रधानमन्त्रीलाई बुझाउन प्रतिवेदन तयार पारेको छ। त्यसलाई आधार बनाएर विभिन्न मिडियामा खबरहरू आइरहेको छ। त्यसैको आधारमा हामीले यो विषय उठान गरेका हौं। यदि त्यस्तो व्यवस्था हुनुपर्ने भनेर प्रतिवेदनमा उल्लेख भएको छैन भने त राम्रै हो। तर यदि सीमा व्यवस्थापन नै गर्ने हो भने दुई देशका सुरक्षाकर्मीहरू पनि इमान्दार हुन जरूरी छ। नेपालको अपराधी भारतमा र भारतका अपराधी नेपालमा आएर लुक्ने गरेको तथ्य नयाँ होइन। त्यसको व्यवस्थापनका लागि सीमा क्षेत्रका प्रहरी इमान्दार हुने हो भन्ने यस्ता घटना न्यूनीकरण भइहाल्छ। देशमा अहिले सुन काण्ड भएको छ तर यो नेपाल र भारतको खुल्ला सीमानाका कारण भएको होइन, रक्तचन्दनको खुलेआम तस्करी चीनतिर भइ रहन्छ। पाकिस्तान र भारतकोबीचमा रहेको कश्मीरमा द्वन्द्व धेरै हुन्छ तर त्यहाँ त खुल्ला सीमाना छैन। सीमा बन्द गर्दैमा अपराध नियन्त्रण हुन्छ भन्ने होइन।

नेपालका किसानको जग्गा भारततिर पनि छ भने भारतका किसानको नेपालतिर जग्गा जमीन रहेको छ। नेपाल र भारतबीचमा राजनीतिक आधारमा सीमा कोरिएको हो परापूर्वक कालदेखि राखिएको सीमा त्यो होइन। राजनीतिका कारणले यस्तो सीमा राखिदिएको हो भन्ने हामीलाई लाग्छ। अहिले पनि सीमानामा त्यति सहज आवाज-जावत छैन। सहज आवाज-जावतको लागि सबै सहज प्रक्रिया अपनाउनु पर्छ। हाम्रो संस्थाले नेपाल र भारत दुवै देशको सीमानामा रहेका जनताको घरघरमा गएर उनीहरूले चाहेको कुरा बुझ्ने प्रयास गर्नेछौं। सीमाका जनताको भावना बुझेर समाधानको बाटोतर्फ लाग्नु नै यो संस्थाको उद्देश्य हो। सीमा मिचिएको भनेर खबर बारम्बार आउने गरेको छ। देशका ७५ प्रतिशतभन्दा बढी सेना त सीमानामा नै तैनाथ गरिएको छ। उनीहरूको काम हो सीमाको निगरानी गर्ने। यदि कसैले सीमा मिच्छ भने सम्बन्धीत निकायले कारबाही गर्नुपर्छ।

खै त मधेशलाई समृद्ध बनाएको ?

जासर यादव

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ। म आफ्नो डा.सीके राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ। मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरु उदाए उनीहरुले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरु नै दिएका थिए।

तर वास्तवमा उनीहरुले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें। त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ। मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें। मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ।

जनाको हराहारीमा काम दिएको छु। उहाँहरुलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु। यो निमुखा जनताहरु हाम्रै मधेशका दलितहरु हुन्। उहाँहरु मध्ये धेरै जना सुकुम्वासीहरु छन्। उहाँहरुलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु। आज उहाँहरुको सुखदुःखको साथि मैले नै बनेको छु।

बाचा गर्ने नेताहरु त एक चोटि उहाँहरुको घरमा यस्तो कोरोनाको बेलामा पनि अलि अलि राहत त दिए हुन्थ्यो नि। राजनीतिको नाममा जति पनि दलहरु छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो। आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु।

फुलाउनु पर्छ।

मैले तीन वर्षको लक्ष्य लिएको छु। अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु। रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच बिघामा मेवा, पाँच बिघामा अम्बा, पाँच बिघामा केरा, पाँच बिघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु।

मसँग अहिले ५० जनाको टिम छ। रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच-पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु। अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उब्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु। अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

मैले दैनिक रुपमा ४०-५०

म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन्। हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो। हामी युवाहरु अब आफ्नै माटोमा समृद्धिको फुल

जिल्लामा सुरु गर्ने योजनामा छु।

त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उब्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु।

किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरुले पनि पत्याउने आधार हुन्छ। मधेशमा खेती गर्नका लागि सिंचाइको समस्या छैन।

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरुलाई नै म दोष दिन्छु। अहिले उनीहरुले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

आफ्नो लगानीमा गरियो भने बोरिङ्ग, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छ। मधेशमा जति पनि पानी छन्।

(यादव एमरेष्ट कृषि फर्म प्रालिका अध्यक्ष हुन्।))

नार्क र सिमिटका पदाधिकारी बीच कृषि अनुसन्धानलाई विस्तार गर्ने बारे छलफल

काठमाडौं। नेपाल कृषि अनुसन्धान परिषद (नार्क) र अन्तर्राष्ट्रिय मकै तथा गहुँ सुधार केन्द्र (सिमिट) का पदाधिकारी बीच कृषि अनुसन्धानका विविध विषयमा उच्चस्तरीय छलफल भएको छ।

नार्कको केन्द्रीय कार्यालय खुमलटार, ललितपुरमा आज दुबै संस्थाका बीचमा कृषि अनुसन्धानमा भइरहेको सहकार्यलाई थप विस्तार गर्ने बारेमा छलफल भएको छ।

छलफलमा नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराईले नेपालको कृषि अनुसन्धान प्रणाली, विद्यमान समस्या, भावि कार्यदिशा र सिमिटसँगको सहकार्यमा भएका उपलब्धि तथा थप सहकार्यका विषयहरु प्रस्तुत गरेका थिए।

उनले सिमिटसँगको सहकार्य विस्तार गर्न नार्क सधैं तयार रहेको बताउँदै यसको थप विस्तारका लागि बदलिदो परिस्थितिमा उपयुक्त अनुसन्धानको रोडम्याप तयार गरेर अगाडी बढनुपर्ने

बताए।

सिमिटका महानिर्देशक डा.ब्राम गोभाएट्सले नार्कसँगको समन्वयमा सिमिटले नेपालमा मकै र गहुँका प्रविधि पत्ता लगाउन सहयोग गरेको र नार्कले सफलतापूर्व सो कार्य सम्पन्न गरिरहेकोमा खुशी व्यक्त गरे।

उनले नेपालमा गहुँ र मकैका जातको विकास, बाली प्रणालीको उत्पादकत्व वृद्धि, मकैमा आधारित जिविकोपार्जनमा जलवायुमैत्री अनुसन्धानको मोडेल, डिजिटल कृषि, कृषि यान्त्रीकरण, क्षमता अभिवृद्धि र निजी क्षेत्रको सहभागिता, लैङ्गिक तथा समाजिक समावेशिता जस्ता विषयमा सिमिट सहयोग गर्न सधैं तयार रहेको बताए।

उनले कृषिका तीन वटा खम्बा कृषि अनुसन्धान, कृषि प्रणालीको विकास र निजि क्षेत्रसंगको साझेदारीलाई अंगालेर अगाडि बढिरहेको बताए। विगतका सफलता र कमजोरी दुबैबाट सिकेर नयाँ योजना बनाउनुपर्ने उनको धारणा थियो।

कार्यक्रममा राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा.कालिकाप्रसाद उपाध्यायले नेपालमा सिमिटसँगको सहकार्यमा विकसित प्रविधि किसानसम्म पुर्याउन सञ्चारको विशेष महत्व रहेकाले परियोजनाको विकासदेखि प्रविधि हस्तानान्तरणसम्म सूचना र सञ्चारलाई अभिन्न अंगका रुपमा समावेश गर्नुपर्ने बताए।

छलफलमा नार्कका बाली तथा बागवानी निर्देशक टिकाबहादुर कार्की, आर्थिक प्रशासन निर्देशक मनसकुमार कंडेल, योजना महाशाखा प्रमुख डा.टेकप्रसाद गोतामे, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रका प्रमुख डा.श्रीप्रसाद विष्ट, राष्ट्रिय विउविजन अनुसन्धान केन्द्रका प्रमुख डा.पल्लवी सिंह लगायतको सहभागिता रहेको थियो।

यसैगरी सिमिटको तर्फबाट डा.दिउतीमान चौधरी, डा. पिटर क्राफोर्ड, डिल्ली केसी, रुद्क्षा राई पराजुली, लिजबेट भेनिभेल, विनय पराजुली, अब्दुल रहमान बसिर लगायतको सहभागिता रहेको थियो।

जालझेल र षड्यन्त्रको जसको इतिहास छ, त्यसलाई फेरि ल्याउन खोज्ने मान्छेहरू पटमुर्ख हुन्

० मधेश प्रदेशसभाको पहिलो अधिवेशन सम्पन्न भयो र दोस्रो अधिवेशन सुरु भएको छ । पहिलो अधिवेशनका उपलब्धि कस्तो रह्यो ?

– प्रदेशसभाको पहिलो अधिवेशन हामीले ३५औं बैठक गरेर सम्पन्न गरेका छौं । ती बैठकहरुमा हामीसँग ६ वटा विजनेशहरु थियो । त्यसमा केही संशोधनहरु पनि थिए, ती संशोधनहरु पास गऱ्यौं । बाँकी चार वटा विधेयकहरु अहिले पनि विषयगत समितिहरुमा गएका छन् । विज्ञ र सरोकारवालाहरुसँग छलफल गरेर त्यसका के-के अभ्यासहरु छन्, यावत विषयहरुमा केन्द्रित भएर विषयगत समितिहरुले छलफल गर्दैछन् । दोस्रो अधिवेशनका लागि सरकारबाट आह्वानमा अलिकति ढिलो भयो । ढिलो भएपनि हामीले करिब-करिब छैटौं बैठकमा छौं । अहिले कृषि विधेयकमाथि सैद्धान्तिक छलफल भइरहेको छ । यसपालि हामी ऐन बनाउने हतारमा छैनौं । ऐनहरु कसरी वस्तुवादी र दीर्घकालीन बनाउने विषयहरुमा हामी गम्भीर छौं ।

० प्रदेशसभाको कामकाज सन्तोषजनक छ ?

– प्रदेशसभाको कामकाज सन्तोषजनक नै छ । मुख्यरुपमा प्रदेशसभा काम भनेकै ऐन, कानूनहरु बनाउने हो । सरकारद्वारा प्रस्ताविक विधेयकहरुको बारेमा छलफल गरेर परिमार्जितसहित वस्तुवादी बनाउन लागिपरेका छौं । सरकार पक्ष र विपक्षबीच समन्वय गरिदिएर समस्याहरुको समाधान गर्छौं । मुख्यरुपमा प्रदेशसभामा शासकीय मनोविज्ञान हुँदैन । यसको मुख्य भूमिका भनेको समन्वयको हुन्छ । सबै माननीय सदस्यहरुलाई फैसलिटेट गरिदिएर छलफलको वातावरण बनाइदिने वस्तुगत मूल्यमान्यता छ । त्यहीं मूल्यमान्यताअनुसार हामी अगाडि बढेका छौं ।

० प्रदेशसभाको दोस्रो अधिवेशनका मुख्य प्राथमिकताहरु के-के छन् ?

– सदनको प्राथमिकता भनेकै विधेयकहरुलाई ऐनमा कन्भर्ट गर्ने अर्थात् विधेयकहरुमा बहस, छलफल गरेरै गतिशीलताको आधारमा अगाडि बढ्छन् । हामीले सबै सांसदहरुलाई समर्पित भएर गहन छलफलका मार्फत् वस्तुवादी बनाउँछौं । त्यसले दुईटालाई रिप्रजेन्ट गर्छ । एउटा त विगतमा के अवस्था छ, त्यसबाट हामी सिक्ने काम गर्छौं । वर्तमान अवस्था के छ, त्यसलाई रिप्रजेन्ट गर्ने काम गर्छौं । भविष्यमा यसका के प्रभाव पर्छ, यी यावत् कुराहरुमा हामी बढी जोडबल गर्छौं । मुख्यत: यसको प्राथमिकता भनेको जनताका विषयवस्तुहरु उठान गर्ने, सरकारलाई जिम्मेवार बनाउने र विधेयकलाई वस्तुवादी बनाउने हो ।

० सातै प्रदेशहरुमध्ये सबभन्दा विधेयक मधेश प्रदेशसभाबाट पारित भएको छ, कानून पनि बनेको छ तर कार्यान्वयनमा जान सकेको छैन नि ?

– मुख्यरुपमा सरकारमा तीनवटा अंग हुन्छन्, त्यो भनेको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । प्रदेश सरकारसँग न्यायपालिका भएन । व्यवस्थापिकाले ऐनहरु बनाउने काम त गरेको छ तर यसको न्यायालय नभएको कारणले केही जटिलताहरु भएका छन् । स्थानीय र केन्द्र सरकारसँग न्यायालय छ तर प्रदेश सरकारलाई न्यायालयबाट वञ्चित गरेको छ । त्यसकारण प्रदेशको एउटा खुट्टा भाँचिएको हो भन्ने हाम्रो अनुभूति हो । जसरी संसदले ऐन कानूनहरु बनाउँछन्, त्यसलाई कार्यान्वयन गर्ने ठाउँ नभएर समस्याहरु भएको हो ।

० प्रदेश खारेज हुनुपर्छ भन्ने आवाज उठिरहेको छ, यसलाई कसरी हेर्नुहुन्छ ?

– प्रदेश खारेज गरिनुपर्छ भन्ने केही पश्चगामी, पुरातनवादीहरुले यी विषयवस्तुहरु उठान गरेका छन् । तिनीहरुले कि त संघीयताको मर्म बुझेका छैनन् कि त महत्व बुझेका छैनन् । संघीयताको मर्म र महत्व नबुझेकाहरुले संघीयता खारेजीको सोच राख्छन् । नेपालमा अढाइ सय वर्ष शाह वंशको इतिहास छ । अरु सामन्तवादकै इतिहास हेर्ने हो भने हजारौं वर्षको इतिहास छ । हजारौं वर्षमा जनताको शोषण गर्ने काम मात्र गरे । श्रम गरेवापत भरपेट खान पनि नदिएर ठूल-ठूला महलहरु ठड्याएको इतिहास छ । अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रमा जनता सार्वभौम छन् । सामन्तवाद र राजतन्त्रमा राजा सार्वभौमसत्ता सम्पन्न हुन्थ्यो र जनता दुखारी हुन्थ्यो । त्यो इतिहासले साबित गरेको हो । संसारका कुनै विद्वानले पनि राजतन्त्रलाई राम्रो मानेका छैनन् । नेपालमा केही मान्छेहरु छन्, ती मान्छेहरु राजतन्त्र फर्काउन चाहन्छन् । जसले राजाका कर्तुतहरुलाई बिर्सेर राजतन्त्रको महिमामन्डन गर्ने केही मान्छेहरु छन् । तिनीहरु सार्वभौम सत्ता सम्पन्न जनतालाई फेरि कंगाल, दिनदु:खी बनाउन खोजेका हुन् । त्यसमा हाम्रो ध्यान जान जरुरी छ ।

जहाँसम्म संघीयताको कुरा हो, मान्छेले संघीयता किन खोज्यो ? संघीयता खोज्नुको मुख्य कारण भाषा, संस्कृति, रहनसहन, रितिरिवाजहरुको संरक्षण भएन । राजनीतिक मानव सभ्यताको इतिहास हामीले हेर्ने हो भने जहिल्यै पनि मानव-मानव बीचकै संघर्षबाट मानव सभ्यताको विकास भएको छ । जो सत्तामा गए तिनीहरुले जहिल्यै पनि अन्यको भाषा, संस्कृति, विधिविधानलाई मास्ने काम गरे र आफ्नो भाषा, संस्कृति लादने काम गरे । राजाको जहिले पनि छलछाम र षड्यन्त्रकै इतिहास छ । जालझेल र षड्यन्त्रको जसको इतिहास छ, त्यसलाई फेरि ल्याउन खोज्ने मान्छेहरु पटमुर्ख हुन् । तिनीहरु राजनीति शास्त्र नजानेका हुन् । उनीहरु भन्छन् कि अहिले हजारौं राजा निर्माण गरे । तर राजतन्त्रकै बेला हेर्नुस् न राजाका आफन्त, भाइभारदारले कति तलब खाएका छन् । राज्यका साधनस्रोत राजाकै सुखशयलमा प्रयोग गर्ने जुन परम्परा थियो, त्यसलाई हामीले ब्रेक गरेर यो संघीय लोकतान्त्रिक गणतन्त्र हामीले ल्याएका छौं । यसमा जनता सार्वभौम छ, यसमा भाषा संस्कृतिको प्रवर्द्धन हुन्छ, क्षेत्रहरुको विकास हुन्छ । यसमा सबैले आआफ्नो ठाउँको इतिहास पढ्छन् । हामी रानी पोखरीको इतिहास पढ्छौं तर गंगासागरको इतिहास हामी पढ्दैनौं । किनकि एकाधिकारवादी राजकीय सत्ता थियो । केन्द्रिकृत राज्य प्रणालीले जसरी शिक्षालाई आयात गर्ने काम गर्थ्यो, त्यसरी नै सबै मान्छे उसका पछि लाग्थे । सामन्ती राजतन्त्र अवस्तुवादी र विज्ञान सम्मत होइन । मेरो बुझाइमा राजतन्त्र गलत हो । केपी ओलीले भन्नुभयो कि भूतप्रेतवादीहरुले यस्ता कुराहरु ल्याउँछन् । जसको इतिहास भूत भइसक्यो, जसको इतिहास समाप्त भो, जसले पाएको मौकालाई दुरुपयोग गरे । राजाले त हजारौं वर्ष शासन गर्ने अवसर पाएको हो नि । त्यो हजारौं वर्षको अवधिमा त्यसले उत्पीडन गर्ने काम मात्र गरे । जसले मौकालाई पहिला नै दुरुपयोग गरिसकेका छन्, जो संसारमा असफल भइसके, त्यो असफल भइसकेको विषयवस्तुलाई पुन: जीवित बनाउने अवस्तुवादी हो । अहिलेको दुनियाँ भनेको मालिकानाको होइन, मित्रवत हो । मालिकले जे भन्यो त्यहीं गर्ने दुनियाँ होइन् । त्यसकारण आफ्नो टाउकोमा हामी मालिक बसाउने होइन ।

रामचन्द्र मण्डल

सभामुख, मधेश प्रदेशसभा

किसानहरूलाई सहुलियत कर्जा दिनुपर्ने माग गर्दै आजपाद्वारा जनकपुरमा प्रदर्शन

जनकपुरधाम । आम जनता पार्टी (आजपा)ले विभिन्न माग गर्दै मधेश प्रदेशको राजधानी जनकपुरधाममा प्रदर्शन गरेको छ ।

आजपा महासचिव उपेन्द्र साहको नेतृत्वमा जनकपुरधामको बारहविग्घाबाट सुरु भएको प्रदर्शन जिल्ला प्रशासन कार्यालय धनुषासम्म पुगेको थियो । सो क्रममा जनकपुर स्थित राष्ट्र बैंकको कार्यालय अगाडी समेत प्रदर्शनकारीहरुले नाराबाजी गरेका थिए ।

आजपा मधेस प्रदेश कमिटीको आयोजनामा भएको प्रदर्शनमा सहभागिहरुले आफूहरुको माग सम्बोधन नभए यो भन्दा कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी दिएका छन् । प्रदर्शनमा सहभागि आजपाका महासचिव साहले आफूहरुको माग गम्भिर रुपमा लिएर सम्बोधन नगरिए मधेस बन्द गर्नुपर्ने चेतावनी सरकारलाई दिएका छन् ।

'हामीले शान्तिपुर्ण रुपमा विरोधका कार्यक्रम गरिरहेका छौं । किसान, सर्वसधारणदेखी आम जनताका माग सम्बोधन गर्नमा सरकारले ढिलाई गरेमा हामी मधेस बन्दसम्मको कडा आन्दोलनका कार्यक्रम ल्याउँन बाध्य हुनेछौं । र त्यसको जिम्मेवारी सरकारले नै लिनुपर्ने हुन्छ' आजपा महासचिव साहले भने ।

आजपाले बैंकहरुले लिने गरेको मनोमानी ब्याज फिर्ता गर्नुपर्ने, लघुवित र सहकारीहरुको सम्पूर्ण ऋण मिनाहा गर्नुपर्ने, किसानहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने लगायतका माग गरेको छ ।

यसैगरी आजपाले मधेसमा भईरहेको सरकारी योजना र बजेटको खरीद बिक्री जस्ता भ्रष्टाचारजन्य कार्य रोक्न भ्रष्टाचारीलाई कारवाही गर्नुपर्ने लगायतका माग गरेको छ । आजपा महासचिव साहले पार्टीको हालै सम्पन्न स्थायी कमिटीको बैठक र मधेस प्रदेश कमिटीको बैठकको निर्णय अनुसार सर्वसधारणका मुद्धा सरकार समक्ष पुर्याउँनका लागि पार्टीले संघर्षका विभिन्न कार्यक्रमहरु अगाडी बढाउँने निर्णय अनुसार विरोध प्रदर्शन गरिएको बताए ।

जसपाको लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण सम्पन्न

रुपन्देही । जनता समाजवादी पार्टी (जसपा) नेपालको लुम्बिनी प्रदेशस्तरीय तीनदिवसीय राजनीतिक तथा वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । रुपन्देहीको श्रीलंका गेष्टहाउसमा आयोजित प्रशिक्षण कार्यक्रममा पार्टीका अध्यक्ष उपेन्द्र यादव, केन्द्रीय कार्यकारिणी समिति सदस्य राजेन्द्र श्रेष्ठ, रकम चेम्जोङ्गलगायतका नेता तथा विषय विज्ञहरुले प्रशिक्षण दिए ।

अध्यक्ष यादवले पार्टीको आदर्श, सामाजिक न्याय, सुशासन र समाजवादबारे प्रशिक्षण दिएको पार्टीका लुम्बिनी प्रदेश समितिका अध्यक्ष अशोक यादवले जानकारी दिए । त्यसैगरी पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठले संघवादका आधारभूत सिद्धान्त र समाजवादको नेपाली बाटोको विषयमा प्रशिक्षण दिए ।

पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य रकम चेम्जोङ्गले पार्टीको विधान र विधानले निर्दिष्ट गरेका सिद्धान्तका बारेमा प्रशिक्षण दिए ।

प्रदेश अन्तर्गतका केन्द्रीय कार्यकारिणी समिति सदस्य, केन्द्रीय समिति, प्रदेश समिति, पहिचानका राष्ट्रिय समिति, जिल्ला समिति, भ्रातृसंगठनका प्रतिनिधि गरी करिब एक सय पच्चिस जना सहभागी रहेका थिए ।

पार्टीका नेताका साथै डा. पुष्पराज राजकर्णिकार, अर्जुन थापा, मनिकर कार्कीलगायतका विषय विज्ञहरुले पनि प्रशिक्षण दिएको बताइएको छ ।

जसपाको कोशी प्रदेश समितिले गऱ्यो जिम्मेवारी बाँडफाँट

सुनसरी । जनता समाजवादी पार्टी (जसपा) नेपालको कोसी प्रदेश समितिले सदस्यहरुको जिम्मेवारी बाँडफाँट गरेको छ । इटहरीस्थित पार्टी प्रदेश कार्यालयमा सोमवार बसेको बैठकले सदस्यहरुलाई कार्यकारिणी सदस्यमा मनोनयन गर्नुका साथै विभागीय जिम्मेवारी तोकेको हो ।

जसअनुसार बैठकले उपेन्द्र लावती, बलबहादुर राई, मिना राई, गम्बु शेर्पा, राम माण्डुप राई, कमन देवान, कृष्ण कटुवाल र देवकृष्ण यादवलाई प्रदेश कार्यकारिणी समिति सदस्यमा मनोनयन गरेको छ ।

त्यसैगरी बैठकबाट प्रदेश समिति अन्तर्गतका विभागीय प्रमुखहरु समेत चयन गरिएको छ । जसअनुसार संसदीय विभाग प्रमुखमा दीपक याक्खा संगठन विभागको प्रमुखमा घनश्याम कटुवाल, पार्टी स्कूल तथा प्रशिक्षण विभाग प्रमुख प्रेम वनेम, प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख कमन देवान, सूचना सञ्चार विज्ञान तथा प्रविधि विभाग प्रमुख दिनेश दंगाल, युवा तथा खेलकूद विभाग प्रमुखमा गौरीमान राई, विद्यार्थी विभाग प्रमुखमा भरत याक्खा र महिला विभाग प्रमुखमा शर्मिला आइदेम्बे चयन भएका छन् ।

त्यसैगरी विभागीय प्रमुखको जिम्मेवारी पाउनेहरुमा बलबहादुर राईलाई कृषि तथा सहकारी विभाग, उद्योग तथा वाणिज्य विभागमा लिला सुनुवार, शिक्षा विभागमा धनकुमार राई, स्वास्थ्य विभागमा विशाल आइदेम्बे, सहकारी तथा गरिबी निवारण विभागमा हस्तशोभा राई, बन तथा वातावरण विभागमा राम माण्डुप राई, बौद्धिक पेसाकर्मी विभागमा उपेन्द्र लावती, कानून विभागमा तेन्जीङ शेर्पा, संघीय मामिला तथा स्थानीय तह विभागमा गम्बु शेर्पा, राज्य व्यवस्था तथा सुशासन विभागमा सविता यादवलाई विभागीय प्रमुख तोकिएको छ ।

बैठकबाट मधेस प्रदेश राष्ट्रिय समितिको सह इन्चार्जमा मनोज यादव, किरात राष्ट्रिय समितिको सह इन्चार्जमा रीता राई, लिम्बुवान राष्ट्रिय समितिको सह इन्चार्जमा विष्णु लावतीलाई चयन गरिएको छ । उक्त प्रदेश अन्तर्गतका राष्ट्रिय समितिका इन्चार्जहरु यस अघिको बैठकबाट तोकि सकिएको छ ।

त्यस्तै बैठकबाट आदिवासी जनजाती संयन्त्र प्रमुखमा धिरेन लावती, दलित संयन्त्रको प्रमुखमा भीम विक, मुस्लिम संयन्त्र प्रमुखमा सम्स तबरेज आलम, थारु संघको प्रमुखमा दीपक विश्वास थारुलाई जिम्मेवारी तोकिएको छ । बैठकले पहिचानको आन्दोलन लक्षीत आगामी संघर्षका कार्यक्रमहरु समेत अगाडि सारेको छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचन कार्यक्रम स्वीकृत

काठमाडौं । माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगबाट निर्वाचन कार्यक्रम स्वीकृत भएको छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार पुस २० गते निर्वाचन अधिकृतको कार्यालयमा मतदाता नामावली प्रकाशित हुनेछ। प्रकाशित मतदाता नामावली उपर दावी विरोध लगायतका कार्यहरु सोही दिनबाट प्रारम्भ भै पुष २२ गते सम्पन्न हुनेछन् र सोही दिन अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ। मतदाता नामावली आयोगको वेबसाईट र निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन हुनेछ।

पुस २३ गते उम्मेदवारको मनोनयन

दर्ता विहान १०:०० बजेदेखि अपरान्ह १५:०० बजेसम्म हुनेछ। मनोनयन दर्ता पश्चात उम्मेदवारको विरोधमा उजूरी दिने कार्य पुष २४ गते हुनेछ।

मनोनयन पत्र र उजूरी उपर जाँचबुझ गरी अन्तिम नामावली पुष २६ गते प्रकाशन हुनेछ।

उम्मेदवारले नाम फिर्ता लिने कार्य पुष २७ गते सम्पन्न भए पश्चात उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्य सोही दिन १४:०० बजे सम्पन्न हुनेछ।

उम्मेदवारलाई निर्वाचन चिन्ह पुष २८ गते १०:०० बजेदेखि १३:०० बजेसम्म उपलब्ध गराउने कार्यक्रम रहेको छ। मतदान कार्य मिति २०८०/१०/११ गते ९:०० बजेदेखि १५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा हुनेछ। मतदान कार्य सम्पन्न भएपछि सोही दिनै मतगणना कार्य हुनेछ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेश सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार सोही दफाहरुको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुन नपाउने व्यहोरा समेत सम्बन्धित सबैलाई कार्यक्रम मार्फत आयोगले जानकारी गराएको छ ।

जसपाको मुखपत्र प्रकाशित

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालले मुखपत्र 'द सोसलिस्ट' द्वैमासिकको प्रकाशन थालेको छ । पत्रिकाको कार्तिक-मंसिर अंक सार्वजनिक गरेको जसपाले पत्रिकालाई विचारप्रधान पत्रिकाको रुपमा निरन्तरता दिने भएको छ । हाललाई द्वैमासिक रुपमा प्रकाशित भएपनि यसलाई चाँडै मासिक पत्रिकाको रुपमा प्रकाशन गरिने छ । प्रारम्भमा पार्टी संगठन, समिति र पार्टी सदस्यहरुलाई उक्त पत्रिका वितरण गरिने छ । जसपाले यस अघि जेएसपीनेपाल डट ओआरजी नामको वेबसाइट सञ्चालनमा ल्याएको छ ।

नरैनापुरमा सामुदायिक महिला स्वयंसेविका दिवस मनाइयो

नेपालगन्ज । बाँकेको नरैनापुर गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा २०औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइएको छ ।

'स्वास्थ्य क्षेत्रको दिगो विकास, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास' भन्ने मूल नाराका साथ दिवस मनाइएको हो ।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले महिला स्वयंसेविकहरुको सक्रियताको कारण स्वास्थ्य सम्बन्धी सूचकमा सुधार आएको बताउँदै उनले महिला स्वयंसेविकहरुको सक्रियताका कारण नरैनापुर गाउँपालिका देशकै उत्कृष्ट पालिका बन्न सकेको भन्दै बधाई दिएका थिए । महिला स्वयंसेविकाले गरेको कामको उच्च मूल्याङ्कन गरेकोले विशेष प्याकेज ल्याउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा बोल्दै नरैनापुर वडा नम्बर २ का वडा अध्यक्ष मसुद अहमद शाहले स्वयंसेविकाले समुदायका कुना कुनामा स्वास्थ्यको पहुँच पुराएको बताए ।

प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालले महिला स्वास्थ्य स्वयंसेवीकाको भूमिका निरन्तर रूपमा रहेको र यो अत्यन्तै महत्त्वपूर्ण रहेको बताए । उनले स्वास्थ्य सेवालाई घरघरमा पुर्याउँन र अझ फराकिलो बनाउनु आवश्यक रहेको कुरा औँल्याए । नेपालको स्वास्थ्यको अवस्थाका बारेमा स्वयमसेवीकाहरुले विश्व सामु फैलाएको जिकिर गरे उनले भने महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्यका संवाहक हुन् । गंगापुर स्वास्थ्य संस्थाका प्रमुख नबिनले भने घरघरमा स्वास्थ्य सुचनाका साथ समय सापेक्ष आवश्यकता अनुसारको सेवाहरु महिला स्वास्थ्य स्वयम सेविकाले पहिलो लहरमा रहेर पुऱ्याएको बताए । उनले कोभिड १९ मा पनि महिला स्वास्थ्य स्वयंसेविकाले ज्यान जोखिमा राखेर सेवा गरेकोमा प्रशंसा गरेका थिए ।

नरैनापुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथी नरैनापुर गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाह रहेका थिए । कार्यक्रमको विशिष्ट अतिथीमा नरैनापुर २ का अध्यक्ष मसुद अहमद शाह, स्वास्थ्य संयोजक नगेन्द्र शाह, जिन्सी शाखा प्रमुख भरत महतो, योजना शाखा प्रमुख प्रकाश अधिकारी, ६ वटै स्वास्थ्य संस्थामा प्रमुख र महिला स्वयंसेविकहरुको सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालन नविनले गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

बिरुवा तथा बिरुवाजन्य उपजको निकासी पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी राष्ट्रिय जैविक सुरक्षाका जोखिमहरुको न्यूनीकरण गर्दै स्वस्थ बिरुवा र बिरुवाजन्य उपजहरुको व्यापार प्रवर्धन गर्न नेपाल सरकारले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ तथा बिरुवा संरक्षण नियमावली, २०६६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । बिरुवा जन्य वस्तुहरुको पैठारी गर्दा प्रवेश अनुमति पत्र लिई कानुनी प्रकृया पुऱ्याएर मात्र पैठारी गर्न र निकासी गर्दा बिरुवा स्वस्थता प्रमाणिकरण गराएर मात्र निकासी गर्न सम्बन्धित सबैमा अनुरोध छ । यो ऐन तथा नियमावली विपरित प्रकृया नपुऱ्याई कन्साइनमेन्ट पैठारी गरेमा सम्बन्धित देशमा फिर्ता पठाउने वा नष्ट गर्नुका साथै कसुर हेरी रु दश हजार देखि एक लाख पचास हजार सम्म दण्ड जरिवाना गर्न सकिने व्यवस्था समेत रहेको छ । जिम्मेवार नागरिक बनौं र देशको जैविक सुरक्षामा योगदान गरौं ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र

हरिहरभवन, ललितपुर

"सरोकारवालाहरूमा आह्वान"

सन् १९९६ जनवरी १ देखि शिक्षा मन्त्रालय (तत्कालिन शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय) मार्फत खाद्यान्न अभावग्रस्त भएका जिल्लाहरूका शिक्षामा पहुँच कम भएका स्थानिय तहहरूमा सञ्चालित पूर्व प्रा. वि. र प्राथमिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालन भएकोमा हाल यो कार्यक्रम खाद्यान्न अभाव र शिक्षाको पहुँच अति न्यून देखिएका जिल्लाहरूका वालवालिकाहरूलाई आधारभूत शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थितिमा सुधार गर्ने भन्ने दिर्घकालीन उद्देश्य लिई दुर्गम क्षेत्रका ३ जिल्लाहरूका छनोटमा परेका ३० स्थानिय तहहरूमा सञ्चालित १०५७ ओटा आधारभुत विद्यालयहरू अध्ययनरत ९,७४१५ वालवालिकाहरूका लागि भिटामिनहरु मिश्रित चामल १४०३ मे.टन, दाल ३५१ मे.टन, तेल १७५ मे.टन र नुन ३५ मे.टन. समेत गरी जम्मा १९६४ मे.टन. खाद्य वस्तु प्रति दिन प्रति विद्यार्थी ११२ ग्रामको पोषण युक्त दिवा खाजा (जाउलो/खिचडी/दालभात) विद्यालयमा नै तयार गरी खुवाउने व्यवस्था गरी हाल सन् २०१९ देखी २०२३ (२०८१ असार मसान्त) सम्मका लागि नेपाल सरकार र WFP सँग सम्झौता भई कार्यक्रम सञ्चालन भईरहेको छ ।

हाल यो कार्यक्रम सुदुर पश्चिम प्रदेशमा बाजुरा, बझाङ्ग तथा दार्चुला गरि ३ जिल्लाका ३० स्थानिय निकायबाट खाद्यान्न वितरण एवं कार्यक्रम संचालन भइरहेको छ ।

अत: भौगोलिक विकटता, खाद्यान्न अभाव, शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुका सामुदायका बालबालिकाहरुलाई आधारभुत शिक्षाको पहुँच अभिवृद्धि गर्ने तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने उदेश्यका लागि भईरहेको यस दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला सबैको सहयोगको अपेक्षा राख्दछौं ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय

शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना

सानोठिमी, भक्तपुर

आठै जिल्ला सदरमुकाममा सीसीटीभी क्यामरा जडान हुन्छः मुख्यमन्त्री यादव

जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले शान्तिसुरक्षाको मध्यनजर गर्दै प्रदेशको आठ वटै जिल्ला सदरमुकाममा सीसीटीभी क्यामरा जडान गर्ने बताउनुभएको छ ।

राजधानी जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालयको शुक्रबार शिलान्यास गर्नुहुँदै प्रदेश सरकारले सुरक्षाव्यवस्थालाई थप सुदृढ बनाउन आठ वटै जिल्लाको सदरमुकाममा यसै वर्ष सीसीटीभी क्यामरा जडान गर्न लागेको जानकारी दिनुभयो ।

बारामा दिनदहाडै एक नीजि विद्यालयका प्रिन्सिपलको हत्या भएको स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो- पुरानो सीसीटीभी क्यामराको फुटेजको आधारमा अपराधि पक्राउ परेको थियो । प्रदेशमा रहेको सुरक्षा चुनौतीको मध्यनजर गरेर सरकारले कुनै प्रकारको ढिलासुस्ती नगरी सुरक्षाव्यवस्था चुस्तदुरुस्त राख्न सुरक्षानिकायलाई हरसम्भव सहयोग गर्न तयार रहेको उहाँले थप्नुभयो ।

मधेश प्रदेशमा कार्यरत्त प्रहरीका लागि प्रदेश सरकारले यसै वर्ष आवश्यक मेट्रेस(ओछ्याउने सामग्री) को व्यवस्था मिलाउँछ, मुख्यमन्त्री यादवले भन्नुभयो- प्रहरी चौकीहरुमा सवारीसाधनको लागि १५ करोड रुपैयाँ उपलब्ध गराउन लागेको छ । यसले प्रदेशको सुरक्षाव्यवस्था सुदृढ पार्न सहयोग पुग्नुका साथै सुरक्षा निकाय उच्च मनोवलका साथ अंघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रहरी समायोजन नहुँदा समस्या भएको जिकिर गर्नुहुँदै मुख्यमन्त्री यादवले प्रदेश मातहत प्रहरी आएपछि सबै सुविधा उपलब्ध गराउने बताउनुभयो ।

प्रहरी प्रदेश सरकार मातहत आएमा राजश्व घट्ने होइन, डेढ गुणाले बढ्ने दावी उहाँले गर्नुभयो ।

प्रहरी प्रदेश मातहतमा जाँदा राजश्व घट्ने संघीय सरकारको शंका छ ।

सो अवसरमा गृह, संचार तथा कानून मन्त्री मोहम्मद समीमले मधेशमा प्रहरीको विस्तारा(ओछ्यान) लिएर हिड्ने प्रचलनको अन्त्य गर्ने बताउनुभयो । प्रहरीको सरुवा हुँदा आफ्नो विस्तारा लिएर जानुपर्ने बाध्यात्मक अवस्था रहेको छ, उहाँले भन्नुभयो-यो बाध्यतालाई छिट्टै अन्त्य गरिन्छ । प्रदेशका चौकी र थाना निर्माण, पुर्ननिर्माण, मर्मत सम्भार लगायतको कार्य गर्न १८ करोड रुपैयाँ छुट्ट्याइएको उहाँले जानकारी दिनुभयो ।

नेकपा एमाले मधेश प्रदेश संसदीय दलका उपनेता दिपेन्द्र ठाकुरले प्रहरीको लागि चौकी, थाना निर्माणका साथै सवारीसाधनको समेत व्यवस्था गर्न प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

२३ करोड १० लाख ४३ हजार ४०७ रुपैयाँको लागतमा मधेश प्रदेश प्रहरी कार्यालय हालको संघीय प्रहरी कार्यालय परिसरमा निर्माण हुन लागेको हो ।

१८ महिनामा निर्माण हुने सम्भौता गरिएको उक्त भवन अतिआधुनिक रहेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षमा प्रदेश सरकारले निकासा गरेको बजेटबाट कूल ८५ वर्ष १० महिना १५ दिन कैद र ६८ करोड ६८ लाख २६ हजार ७३२ रुपैयाँ जरिवाना असुल गरेको छ ।

क्रिकेट खेलाडीलाई सम्मानसँगै रु पाँच लाख

जनकपुरधाम । केपी ओली कप टी ट्वेंटी क्रिकेट प्रतियोगितामा ऐतिहासिक जीत हासिल गरेको मधेश प्रदेश टिमका खेलाडी एवं पदाधिकारीहरुलाई मुख्यमंत्री सरोजकुमार यादवले बधाई दिनुहुँदै यहां भावपूर्ण सम्मान गर्नुभयो ।

आएदेखि नै खेलकुद विकासको लागि आफू प्रतिवद्ध भएको दृष्टांत अंघि सार्दै उहांले प्रदेशका खेलाडीहरुलाई सुविधा दिएर हरेक जिल्लामा खेलकुदको सुदृढ पूर्वाधार खडा गरिने जानकारी दिनुभयो ।

सो अवसरमा प्रदेशका विजयी टिमलाई रु पांच लाख प्रोत्साहनस्वरुप प्रदान गरिने घोषणा पनि मुख्यमंत्री यादवले गर्नुभयो ।

उक्त अवसरमा मुख्यमंत्री यादव, प्रदेश सभा सदस्य रामाशीष यादव एवं प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले खेलाडीहरु, प्रशिक्षक एवं पदाधिकारीहरुलाई खादा ओढ्ाई सम्मान गर्नुभएको थियो ।

पोखरामा मंसिर १५ गते भएको रोमांचक फाइनलमा मधेश प्रदेशले दस जना राष्ट्रिय खेलाडी सामेल त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गरेको थियो ।

यस अंघि धनुषा जिल्ला क्रिकेट संघका उपाध्यक्ष आकाश पाण्डेले सम्मानवाट खेलाडीहरु उत्साहित भएको बताउनुभयो ।

नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय उपाध्यक्ष रोशन सिंहले खेलाडीले सारा देश र प्रदेशलाई खुशी दिन्छ तसर्थ खुशीयाली दिनेहरुका खुशीको बाटो खोल्न, खेल क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न मुख्यमंत्रीसंग आग्रह गर्नुभएको थियो ।

'सुरक्षित भविष्यको लागि निवृत्तभरण र सञ्चय कोष'

कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्तालाई आ.व. २०८०/८१ मा उपलब्ध सेवाहरु:

(क) सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान : २०८० श्रावण १ गतेदेखि ७.५० प्रतिशत ।

(ख) मुनाफा प्रदान : सञ्चय कोषका सञ्चयकर्ता तथा निवृत्तभरण कोषका योगदानकर्तालाई आर्थिक वर्ष २०७८/७९ को शुरु मौज्दात रकममा १.२० प्रतिशत ।

(ग) सापटी सुविधाहरु :
- विशेष सापटीमा : ब्याजदर ८.६० प्रतिशत,
- सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा : ब्याजदर ९.२५,
- सञ्चयकर्ता जग्गा खरिद सापटी र सरल चक्रकर्ता : ब्याजदर ९.७५ प्रतिशत,

(घ) धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको हकमा सम्बन्धित त्रैमासमा पोकेको ब्याजमा ०.२५ प्रतिशतले रिवेट (छुट) दिने ।

(ङ) सामाजिक सुरक्षा सुविधाहरु :
- दुर्घटना क्षतिपूर्ति : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पुर्ण अंगभंग भएमा रु.२ लाख ।
- कार्जकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.४० हजार ।
- सञ्चयकर्ता स्वास्थयोपचार योजना : सञ्चारकर्ता अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रु.१ लाखसम्म र घातक रोगमा रु.१० लाखसम्मको औषधोपचार खर्चको शोधभर्ना कोषबाट हुनेछ ।
- सुत्केरी तथा शिशु स्याहार सुविधा : प्रति प्रसुति रु.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रु.१५ हजार ।

कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर ।
Website: www.epfnepal.com.np
Call center: 015970041

जसपासम्बद्ध नेपाली समाज अमेरिकाको महाधिवेशन सम्पन्न

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रवास संगठन नेपाली समाज अमेरिकाको तेस्रो महाधिवेशन सम्पन्न भएको छ । अमेरिकाको न्यूयोर्कमा सम्पन्न उक्त महाधिवेशनबाट लोक चेम्जोइको अध्यक्षतामा २७ सदस्यीय समिति निर्वाचित भएको छ ।

महाधिवेशनबाट सो समितिको वरिष्ठ उपाध्यक्षमा ओमराज सम्बाहाङ्फे, उपाध्यक्ष चिना योन्जन, सुमन बुढामगर, महासचिव शेखर राई, सचिव टंक सेलिङ र कोषाध्यक्ष सुवर्ण शाक्य सर्वसम्मत निर्वाचित भएका छन् ।

प्रत्यक्ष र भर्चुअल दुवैरुपमा आयोजना गरिएको उक्त महाधिवेशनलाई पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य राजेन्द्र प्रसाद श्रेष्ठ, पार्टीका प्रवास समिति इन्चार्ज आङ्गाजी शेर्पालगायतले भर्चुअल एप जुममार्फत सम्बोधन गरेका थिए ।

प्रदेशस्तरीय प्रशिक्षण सुरू

रुपन्देही । जनता समाजवादी पार्टी (जसपा) नेपालको लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षण सुरु हुँदैछ । रुपन्देहीको श्रीलंका गेष्टहाउसमा आजदेखि सुरु हुन लागेको तीनदिवसीय प्रशिक्षणमा पार्टीका शीर्ष नेतादेखि अन्य विषय विज्ञहरुलाई प्रशिक्षकको रुपमा राखिएको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादव, केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् संगठन विभाग प्रमुख राजेन्द्र श्रेष्ठ, केन्द्रीय कार्यकारिणी समिति सदस्य रकम चेम्जोड, कार्यकारिणी सदस्य एवम् लुम्बिनी प्रदेश समिति इन्चार्ज राजकिशोर यादव, विज्ञ परिषदका प्रमुख डा. पुष्पराज राजकर्णिकार, पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख अर्जुन थापा, संघीयताका जानकार कृष्ण हाछेथुलगायतले प्रशिक्षण दिने भएका छन् । लुम्बिनी प्रदेशअन्तर्गतका कार्यकारिणी समिति सदस्य, प्रदेश समिति, राष्ट्रिय समिति, जिल्ला समिति, भ्रातृसंगठनका प्रनिनिधि गरी १२५ जना प्रशिक्षणमा सहभागी हुने बताइएको छ ।

भ्रष्टाचार मुद्दाका पाँच जना फरार प्रतिवादी पक्राउ

मोरङ । भ्रष्टाचार (राजश्व रकम हिनामिना) कसूरमा दोषी ठहर भई फरार पाँच जना प्रतिवादी पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरूलाई सोमबार पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-३ बस्नेहरु ४९ वर्षीय मणिराज दाहाल, ६३ वर्षीय कुमार बहादुर कटुवाल, ६३ वर्षीय टिकाराम अधिकारी, ३७ वर्षीय देवराज नेपाल र सोही महानगरपालिका-४ बस्ने ६४ वर्षीय नयराज नेपाल रहेका छन् ।

विशेष अदालत बबरमहल काठमाडौंको फैसलाबाट उनीहरूमध्ये मणिराजलाई ७ वर्ष ११ महिना २३ दिन कैद र ४ करोड ३४ लाख ५ हजार ५९४ रुपैयाँ जरिवाना, नयराजलाई ८ वर्ष कैद र १२ करोड ३५ लाख २९ हजार र ३४२ रुपैयाँ जरिवाना, कुमार बहादुरलाई ६ वर्ष कैद र १ करोड १ लाख ६५ हजार ८१२ रुपैयाँ जरिवाना, टिकारामलाई ९ वर्ष कैद र २८ करोड १५ लाख ९३ हजार ८८४ रूपैयाँ जरिवाना र देवराजलाई ८ वर्ष ६ महिना कैद र २२ करोड ४५ लाख २७ हजार ६६७ रूपैयाँ जरिवाना फैसला भएको थियो । उनीहरुलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा पेश गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङले गत साउनदेखि हालसम्म जम्मा २ सय १५ जना फरार प्रतिवादीहरू पक्राउ गरि उनीहरूबाट कूल ८५ वर्ष १० महिना १५ दिन कैद र ६८ करोड ६८ लाख २६ हजार ७३२ रुपैयाँ जरिवाना असुल गरेको छ ।

जसपाको खोटाङ-काठमाडौं सम्पर्क समिति गठन

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालको खोटाङ काठमाण्डौ सम्पर्क समिति गठन भएको छ । ललितपुरको बालकुमारीमा शनिवार आयोजित भेलाले प्रीतिराज राईको अध्यक्षतामा २१ सदस्यीय समिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा किर्तीमान मगर, पिके बाडदेल, नविन राई सचिवमा चन्द्रश्याम राई सहसचिव सुरेश राई , हर्कमनी, राई, शम्भु राना राई र कोषाध्यक्षमा पुष्पा राई चयन भएका छन् ।

पार्टीका राजनीतिक समिति सदस्य एवम् केन्द्रीय सम्पर्क समितिका सह इन्चार्ज देवराज राई प्रमुख अतिथि रहेको कार्यक्रममा किरात राष्ट्रिय समितिका अध्यक्ष रमेश राईलगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

कवाडी पसलमा आगलागी हुँदा तीन जनाको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-७ सात घुम्तिस्थित कवाडी पसलमा बुधबार दिउंसो आगलागी हुँदा ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा सोही ठाउँ बस्ने ४० वर्षीय दिपक मण्डल, सोही महानगरपालिका-६ बस्ने ६५ वर्षीया सुनिता कामत र ५५ वर्षीया सुशिला पासवान रहेका छन् । आगलागीमा परी सुशिला पासवानको घटनास्थलमै मृत्यु भएको छ भने गम्भीर घाइते भएका दिपक मण्डलको न्यूरो अस्पताल र सुनिताको बर्न अस्पताल कीर्तिपुरमा उपचारको क्रममा मृत्यु भएको हो । आगोले जलेर घाइते भएका अन्य ३ जनाको बर्न अस्पताल कीर्तिपुरमा उपचार भइरहेको छ ।

उक्त आगलागीबाट अन्जुला कवाडी र रिया ट्रेडर्सको कवाडीको सामान जलेर करिब २५ लाख रूपैयाँ तथा सोही ठाउँस्थित नरेश राठी र महेश राठीको घरकोठामा रहेको एसी मेसिन १० थान, भ्यालको पल्ला, ट्वाईलेटको सरसामान जलेर करिब १५ लाख रूपैयाँ गरी जम्मा करिब ४० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरीले स्थानीय वासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथ यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वातावरण विभाग

बबरमहल, काठमाडौं

उद्योग, प्रतिष्ठान एवं आयोजनाले स्व:अनुगमन प्रतिवेदन पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वातावरण विभागले नेपाल सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन तथा मूल्यांकन गर्ने तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्व:अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेस गर्ने कानुनी व्यवस्था रहेको छ ।

माथि उल्लेखित कानुनी व्यवस्था बमोजिम कतिपय उद्योग प्रतिष्ठान एवं आयोजनाहरुले स्व:अनुगमन कार्य गरेको नपाइएको प्रति विभागको गम्भीर ध्यानाकर्षण भएको छ । अत: देशभर रहेका सम्पूर्ण उद्योग, प्रतिष्ठान एवं आयोजनाहरुले वातावरण संरक्षण नियमावलीको नियम ४५ मा भएको व्यवस्था अनुसार स्व:अनुगमन गरी प्रतिवेदन विभागमा अनिवार्य पेस गर्नुहुन सूचित गरिन्छ । अन्यथा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

प्रतिवेदन पेस गर्ने ठेगाना:

ठेगाना : वातावरण विभाग, बबरमहल, काठमाडौं ।

फोन नं. : ०१-५३२०४९७, ५३२०८३७, इमेल : info@doenv.gov.np

नार्कको पुनर्संरचना प्रतिवेदन छिट्टै कार्यान्वयन हुने मन्त्री भुसालको प्रतिवद्धता

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) को पुनर्संरचना गर्ने विषयमा गठित सुझाव उपसमितिले तयार गरेको प्रतिवेदन कृषि तथा पशुपञ्छी विकास मन्त्री डा.बेदुराम भुसाललाई बुझाएको छ ।

बुझाइएको प्रतिवेदनमा कृषि अनुसन्धान सेवा, मानित विश्वविद्यालय, कृषि अनुसन्धान सचिवको व्यवस्था गर्नुपर्ने लगायतका विषयहरु समेटिएका छन् । प्रतिवेदन बुझ्दै मन्त्री भुसालले नार्कलाई नेपालको कृषि अनुसन्धान प्रणालीको नेतृत्वदायी संस्थाको रुपमा विकास गर्न प्रतिवेदनमा दिइएका सुझावहरुको अध्ययन गरी कार्यान्वयन गर्ने प्रविद्धता व्यक्त गरे ।

उपसमितिका सदस्य रहेका प्रा.डा.दुर्गामणि गौतमले समितिलाई दिइएको समयमा केही समय थपेर विस्तृत र गहन छलफल तथा अध्ययनबाट यो प्रतिवेदन तयार गरिएको बताए । उनले यो प्रतिवेदनमा नार्कमा काम गर्ने कर्मचारीहरुको भावनालाई पूर्णतया आत्मसात गरिएको र प्रतिवेदन कार्यान्वयन भएमा नार्कले अहिले भोगिरहेका प्राय: समस्याहरुको समाधान हुने बताए । सरकारको कृषि विकासको नीतिमा कृषि अनुसन्धानलाई उपेक्षा गरिएको कारणले सिर्जित यावत समस्याहरुको समाधान यो प्रतिवेदन मार्फत् गर्न खोजिएको उनले बताए । यसबाट कर्मचारी प्रशासन, कर्मचारीहरुको नियुक्ति, सरुवा बढुवा, वृत्ति विकास लगायतका समस्याहरु समाधान हुने विश्वास पनि उनले व्यक्त गरेका छन् ।

गौतमले नार्कमा विषय विशेषज्ञको स्थायित्व, विषयगत अनुसन्धान केन्द्रहरुको विकेन्द्रीकरण, कार्यकारी निर्देशकलाई स्वतन्त्र रुपमा काम गर्ने वातावरण र विश्वविद्यालयसंग नार्कको समन्वयमा ध्यान दिनुपर्ने कुरा बताए ।

नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराईले प्रतिवेदनमा कार्यान्वयनको शिलसिलामा नार्कको कार्यकारी निर्देशकलाई कृषि मन्त्रालयको अनुसन्धान सचिव स्वत: हुने व्यवस्था गर्नुपर्ने बताए । नेपाल सरकारले निजामती कर्मचारीहरुलाई तोकेका सबै प्रकारका सेवासुविधाहरुको सुनिश्चितता पनि यस प्रतिवेदनको कार्यान्वयन पछि हुने उनले बताए । नार्कमा अध्ययन अध्यापन र नार्कका केही अनुसन्धान केन्द्हरुलाई स्थानीय सरकारमा काम गर्ने प्राविधिकहरुका लागि तालीम केन्द्रको रुपमा विकास गनुपर्ने खाँचो औंल्याए ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा.कालिकाप्रसाद उपाध्यायले नार्कलाई यसको उदेश्य अनुरुप नियमनकारी एवं समन्वयकारी निकायको रुपमा अनुसन्धान, प्रसार र शिक्षालाई प्रभावकारी ढंगले सञ्चालन गर्न सक्ने मोडेल तयार गर्न लामो समयदेखि प्रयास भइरहेको र अहिलेको प्रतिवेदनलाई कार्यान्वयन गरेमा यसले त्यो उद्देश्य पूरा गर्न सक्षम हुने बताए ।

नार्कको पुर्नसंरचनाका लागि गठन भएको सुझाव उपसमितिको संयोजकमा नार्कका पूर्व कार्यकारी निर्देशक डा.टेकबहादुर गुरुङ, सदस्यहरुमा प्रा.डा. दुर्गामणि गौतम, कृषि मन्त्रालयका सहसचिव शवनम सिवाकोटी, नार्कका पशु तथा मत्स्य अनुसन्धान निर्देशक डा.दोजराज खनाल र नार्कका प्रशासन निर्देशक नविनप्रकाश पौडेल रहेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

छिन्नमस्ता गाउँपालिका

सप्तरी, मधेश प्रदेश

विश्व परिवेश

भारत-अमेरिका रणनीतिक वाणिज्य भाषण

संयुक्त राज्य अमेरिका और भारतका अधिकारीहरूले नयाँ दिल्लीमा गत पूरा गर्न भारत-संयुक्त राज्य अमेरिका रणनीतिक व्यापार संवादसँगरु सम्बन्धित कुराहरू विचारविमर्श भएको छ। भारतीय भाषासंसारद्वारा आवेदन हुना गएका कुराहरूको समाचारकर्मीहरूका अनुसार, क्ष्क्क्त्म को मानिटरिङ मेकनिज्मको बैठकले निर्यात नियन्त्रण संबंधित कुराहरूले जोडीमा गरेको छ र उच्च तात्त्विक वाणिज्य, र दुई देशहरू बीचको प्रविधि स्थानान्तरण को बेरोजगारीहरूलाई बढाउने तरिकाहरूलाई अन्वेषण गर्छ। कुराकानीमा जनसँख्यालाई थाहा छ, संयुक्त सचिव (मन.एमा) मुआन्पुउइ सैआदी र संयुक्त वाणिज्य मन्त्रालयका तत्पराताहरू द्वारा अभियानमा सहायक सचिव थिया डी रोज्मन केण्डलेरु प्रदान गर्नु भएको छ। IUSSTD, जुन २०२३ मा आरम्भ भएको "गंभीर र निम्नवर्गीय प्रवृत्तिहरू" (iCET) को तहनमा प्रविधि र व्यापार सहयोग अनुमान गरिएको रणनीतिक प्रथमिकता मानिटर छ। क्ष्क्क्त्म को प्रथम बैठकले २०२३ जून ६ (अमेरिकी संघीय राजधानीशहर वाशिङटन डीसीअ) मा संचालन भएको थियो। भारतीय प्रतिनिधित्वले मन्त्रिपरिषद्घोषित विनय मोहन क्वात्रारुरु संगै आएको थियो। अमेरिकी प्रतिनिधित्वले उद्योग र वाणिज्य मन्त्रालयको "उद्योग र सुरक्षा" तहका तहका उप-सचिव आलेन एस्टिभेज र राजनीतिक मामिलाहरूको "राजनीतिक कार्यरुकारिणी" तहमा उप-सचिव भिक्टोरिया नुलेन्डसँगै समुदायकोद्देश्यका समूह को-नेतृत्व गरेको थियो। क्ष्क्क्त्म ले डलर अक्षम, खगोल, दूरसंचार, क्वान्टम, ए.आई., सुरक्षा, जैव तथा अन्य जैविकलाई संगठनरुहरूमा प्रविधिहरूको विकास र व्यापारको खोजमा दोस्रो तरिकामा सरकार लाई कसरी मद्दत गर्न सक्छ भन्नेरु बनाउने क्रमका बारेमा ध्यान चित्रान्कन गर्यो। दुवै देशबिच संबण्धित निर्यात नियन्त्रण नियमहरूलाई पुनः समीक्षा गर्दा यो तत्परतामा विश्वसनीय ड्राइपाइप संस्करणहरू निर्माण र विभिन्न उदाहरण बाँट्ने तरिकाको समीक्षा गर्न सहमत भएका थिए। भारत र अमेरिकाले यस संवादले गंभीर प्रविधिहरूमा आदर्श एकीकरण, एकीकृत विकास र तात्त्विक प्रवृत्तिहरूमा विनिर्माणहरूमा बढबढी सहयोग गर्नमा सहायता गर्ने त्योगैने जानकारी मध्ये ज्ञात गर्यो।

कांग्रेसको अभियान : भूकम्प प्रभावित क्षेत्रमा वस्ती निर्माण गर्दै नैनसिंह महर

जाजरकोट । कार्तिक १७ गतेको भूकम्पले जाजरकोटको भेरी नगरपालिका-१ रावतगाउँका पूर्णबहादुर र उर्मिला रावतको घरमात्र भत्काएन। बुढेसकालको सहाराका रूपमा रहेका छोराहरू ९ वर्षीय सुदन र २ वर्षीय सुरजलाई पनि चुडेर लग्यो।

पूर्णबहादुर र उर्मिलाका आँखा अझैं ओभाएका छैनन्। जतिखेरै हृदय र नयनभरि छोराहरूको आकृतिमात्र नाचिरहेको हुन्छ। घर भत्केर त्रिपालमुनीको बास भयो। हुर्किंदै गरेका फूलजस्ता छोराहरू चुडिए। दुःख र पीडाको भारि बाहेक उनीहरूसँग केही बचेन। हलो-खेती र मेलापात गर्दै जीवन धानिरहेका उनीहरू बिहीबार नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरसँग भक्कानो छोडेर गहभरिका बह पोखिरहेका थिए।

'भूकम्पले हाम्रो त सबै खुसी लुट्यो। मर्न पनि नसकिंदो रहेछ। बाँच्न पनि गाह्रो हुँदो रहेछ। अब हामी को भनेर बाच्ने? कस्को मुख हेर्ने?,' रावत दम्पती यस्तै यस्तै पीडा पोख्दै रोइरहेका थिए।

उनीहरूका दुःखले महरका आँखा पनि रसाएका थिए। गह भरिएको थियो। महर यतिबेला तीनै भूकम्पपीडितका चहराइ रहेका घाउमा थोरै भए पनि मलम लगाउन सकियोस् भनेर जाजकोटमा खटिएका छन्।

बिहीबार महरसहितको टोलीले रावत दम्पत्तिका साथै उक्त टोलमा अन्य केही टहरा निर्माण गरेको छ। रावत टोलमा मात्रै भूकम्पमा परी ८ जनाले ज्यान गुमाएका छन्।

काठमाडौंबाट राहत सामग्रीसहित उनी बुधबार भूकम्पपीडितका टहरा निर्माणका लागि जाजरकोट पुगेका हुन्। महर एक साता जाजरकोटमा भूकम्पपीडितकै माझमा रहने छन्।

जाजरकोटका विभिन्न विद्यालयमा पुगेर महरले बिहीबार चिसोले काँपिरहेका विद्यार्थीहरूलाई न्यानो लुगा प्रदान गरे। बिहीबार दिनभर उनी विद्यार्थीहरूमाझ मै रहे।

नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष समेत रहेका महरले त्यहाँका शिक्षक र विद्यार्थीहरूसँग रहेर न्यानो लुगामात्र वितरण गरेनन्, विद्यार्थीहरूलाई शिक्षामा केन्द्रित हुन मनोपरामर्श पनि प्रदान गरे। दैविक विपत्ति अकल्पनीय हुने भएकाले त्यससँग जुझ्ने सम्हालिनुको विकल्प नभएको महरको भनाइ थियो।

कांग्रेसको केन्द्रीय नीति अनुरूप उनी जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावित नागरिकका लागि अस्थायी आवास (घर-टहरा) पुनर्निर्माण खटेका हुन्। त्यहाँ रहँदा उनले घर-टहरा निर्माण कार्यलाई तीव्रता दिने छन्।

गत कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको शक्तिशाली भूकम्पबाट प्रभावित बस्तीहरूमा एक हजार घर टहरा निर्माण गर्ने घोषणाअनुसार कांग्रेसले टहरा निर्माण कार्य तीव्रता दिएको छ।

कांग्रेसले इन्जिनियर, डकर्मीसहित सम्मिलित २५ वटा टोली भूकम्प प्रभावित दुई जिल्लाका बिभिन्न क्षेत्रमा परिचालन गरेको छ।

जाजरकोट पुगेका महरले भूकम्पपीडितको अवस्थाले आफूलाई निकै चिन्तित तुल्याएको बताएका छन्।

'जाजरकोट भूकम्पपीडितको अवस्था काकाकुल रहेको छ। सरकारले भूकम्पपीडितलाई राहत प्रदान गर्न एकद्वार प्रणालीको विकास गर्नुपर्थ्यो। त्यो हुन नसकेको पाइयो। सरकारकै नेतृत्वमा एकमुष्ट राहत प्रदान गरिएको भए पीडितलाई सहज हुन्थ्यो। कनिकाछराइ गर्दा धेरैलाई जसलिने बाटोमात्र हुन्छ,' उनी भन्छन्।

एक हजार ७६ जना गर्भवती महिला चिसो त्रिपालमुनि कहरपूर्ण रात काट्न बाध्यछन्। थुप्रै वृद्धवृद्धा र बालबालिकाले चिसोकै कारण ज्यान गुमाइसके। महरलाई राज्यका लागि यो अवस्था लज्जाको विषय भए झैं लाग्छ।

'विपतमा मुलुकको सारा शक्ति एकजुट हुनुपर्थ्यो। राज्य जनताको उद्धारमा खटिनुपर्थ्यो। अपेक्षित रूपमा त्यो हुन सकेन,' उनले भने।

सरकारको कमजोर उपस्थितिका कारण आफूहरू जनताको माझमा खटिनु परेको उनले बताए। 'हामीले सरकारलाई दबाब दिएरमात्र पुगेन। जनताको दुःख हेर्न सक्ने मुटु हामीसँग छैन। म सधैं जताको माझमा रहन चाहने व्यक्ति हुँ। जनताकै लागि राजनीति गर्न आएको व्यक्ति भएकाले केही चिसा रात जनताकै माझमा रहेर उनीहरूकै त्रिपालभित्र बसेर दुःखमा साथ दिन्छु', महरले भने।

जिल्ला समाचार

लैगिक हिंसा विरूद्धको १६ दिने अभियान मटिहानीमा मनाइयो

महोत्तरी । "सभ्य समाजको पहिचान : लैगिक हिंसा विरुद्धको अभियान" भन्ने मूल नाराका साथ "लैगिक हिंसा विरुद्धको १६ दिने अभियान- २०२३" नगर प्रमुख हरि प्रसाद मण्डलको प्रमुख आतिथ्यमा जनचेतनामूलक ञ्याली तथा अन्तरक्रिया कार्यक्रम गरी मनाइएकोछ ।

सो अवसरमा बोल्दै नगर प्रमुख मण्डलले सभ्य समाजको निर्माण गर्न लैगिक हिंसा अन्त्य गर्नको साथै हिंसा अन्त्य नगर्न सबैमा अनुरोध समेत गरेका हुन् । उक्त अवसरमा श्री राम माध्यमिक विद्यालय मटिहानीबाट निकालिएको जनचेतना मूलक ञ्याली मटिहानीको विभिन्न भागहरुको परिक्रमा गरेको थियो ।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख दिपा दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं.३,४,७ र ८ का वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सचिवहरु, शिक्षा शाखा प्रमुख चन्देश्वर साह, नेपाल प्रहरीका प्रतिनिधिहरु, राम माध्यमिक विद्यालयका प्र.अ. श्रीश कुमार मिश्र एवं शिक्षक-शिक्षिका, छात्र-छात्राहरु लगायत अभिभावकहरुको उपस्थिति रहेको थियो ।

प्रहरीसँग विद्यार्थी कार्यक्रम सम्पन्न

मोरङ । समुदाय-प्रहरी साझेदारी अवधारण अन्तर्गत ईलाका प्रहरी कार्यालय रंगेली मोरङमा 'प्रहरीसँग विद्यार्थी' कार्यक्रम सोमवार सम्पन्न भएको छ । उक्त कार्यालयको आयोजना र मिनिलेण्ड अंग्रेजी माविको समन्वयमा उक्त कार्यक्रम सम्पन्न गरिएको हो । प्रहरी कार्यालयबाट प्रवाह हुने सेवामा सर्वसुलभ पहुँच, प्रहरी र नागरिकबीच सुमधुर सम्बन्धको विकास, समुदाय-प्रहरी सम्बन्ध सुदृढिकरण गर्ने उद्देश्य अनुरूप लैगिक हिंसा विरुद्धको १६ दिने अभियानको सिलसिलामा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

सो अवसरमा इलाका प्रहरी कार्यालय रंगेली परिसरभित्र विभिन्न जातको करिब १ सय बटा विरुवाहरु वृक्षारोपण गरिएको थियो भने कार्यालयको मानव मस्तिष्क आकारको पुस्तकालयमा विद्यालयकोतर्फबाट २५ थान जीवनपयोगी पुस्तकहरु थप गरिएको थियो । साथै उपस्थित शिक्षक तथा विद्यार्थीहरुलाई कार्यालय अवलोकन गराई लैंगिक हिंसा, जबरजस्ती करणी, बालयौन दुरुपयोग जस्ता समस्याहरुको विषयमा उजुरी दिने माध्यम, प्रक्रिया, कानुनी व्यवस्था बारेमा प्रशिक्षण प्रदान गरिएको थियो ।

सप्तरीमा आगलागी १२ लाखभन्दा बढीको धनमाल जलेर नष्ट

सप्तरी । राजबिराज नगरपालिका-७ माईक्रो स्टेन्ड नजिक रहेको ओम प्रकाश साहको नेहा अपसेट ट्रेसमा आगलागी भएको छ । विद्युत तार सर्ट भई सोमवार दिउँसो आगलागी हुँदा पसलभित्र रहेका सम्पूर्ण सर-सामान जलेर करिब १२ लाख १७ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको हो । स्थानीय वासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

जसपाको सुन्दर हरैचा नगर समिति पुनर्गठन

मोरङ । जनता समाजवादी पार्टी (जसपा) नेपालको सुन्दर हरैचा नगर समिति पुनर्गठन भएको छ । गछियास्थित नगर समितिको कार्यालयमा शनिबार आयोजित कार्यक्रमबाट शंकर देवानको अध्यक्षतामा १५ सदस्यीय समिति पुनर्गठन भएको हो ।

समितिको उपाध्यक्षमा बलिराम राई, सचिव भोगेन्द्र याम्फु, कोषाध्यक्ष आरती राई सह कोषाध्यक्ष विक्रम याम्फु चयन भएका छन् । पुनर्गठन कार्यक्रमको प्रमुख अतिथि पार्टीको केन्द्रीय सदस्य कुन्ता राई रहेकी थिइन् ।

जसपाको कोसी प्रदेशस्तरीय बैठकबाट पार्टीका केन्द्रीय सदस्यहरुलाई नगर र गाउँ समिति पुनर्गठनको जिम्मेवारीमा खटाएको छ ।

अपाङ्गता भएकाहरूलाई कम्बल वितरण

मटिहानी । ३२औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा मटिहानी नगरपालिकाको कार्यालय धिरापुरमा आयोजित कार्यक्रममा मटिहानी नगरपालिकाका अपाङ्गहरुलाई मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) हरि प्रसाद मण्डलले कम्बल वितरण गरेका छन् । उक्त कार्यक्रममा मटिहानी नगरपालिकाका ४० जना अपाङ्गहरुलाई कम्बल वितरण गरिएको कुरा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दासले बताएकी थिइन् । कार्यक्रममा उपप्रमुख मन्जु देवी साह, वड़ा नं.१, २, ३, ४ र ८ का वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मण्डल, योजना अधिकृत राजेश कुमार शर्मा, शिक्षा शाखा प्रमुख चन्देश्वर साह, सि. अ. हे. व. अधिकृत नागेश्वर पाण्डेय, अपाङ्ग समन्वय समितिका सदस्यहरु, मटिहानी नगरपालिकाका अपाङ्गहरु, अभिभावकहरु लगायतका सहभगिता रहेको थियो । यसअघि अपाङ्ग दिवसकै अवसरमा जनचेतनामूलक रैली समेत निकालिएको थियो ।

सरकारको स्वामित्वमा आउन नदिन एनसेलको शेयर विक्री भएको डा. अमरेशको आरोप

काठमाडौं । स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंहले चार वर्षपछि नेपाल सरकारको स्वामित्वमा आउन लागेको एनसेल गलत मनशाय राखेर खरिदबिक्री भएको दाबी गरेका छन् । आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै उनले गलत मनसायका साथ ६ अर्बमा एनसेलको खरिदबिक्री भएको दाबी गरेका हुन् । साथै, एनसेल खरिद बिक्री यूकेमा गरेर नेपालमा तिनुपर्ने क्यापिटल गेन ट्याक्स छली गरिएको उनले बताए । एनसेलमा ठूलो चलखेल भएको उनको दाबी छ ।

एनसेलको शेयर बिक्री शंकास्पद रहेको उनले बताए । उक्त शेयर ५० मिलियन डलरमा बिक्री भएको सत्य हो भने आफू ६० मिलियन डलर दिन तयार रहेको उनले बताए । उनले एनसेलको शेयर बिक्रीको सम्झौतापत्रमा पाँच मिलियन डलर खरिद भएको ६ महिनापछि र अरु बाँकी ४५ मिलियन डलर चार वर्षभित्र भुक्तानी गर्ने सहमति रहेको दाबी छ । सम्झौता शंकास्पद रहेको बताउँदै उनले यस्तो प्रकारको खरिद-बिक्री हुन नसक्ने दावी गरे । 'जम्मा पाँच मिलियन किनेको ६ महिनापछि दिंदा हुने, बाँकी ४५ मिलियन डलर छ, त्यो चार वर्षमा दिंदा हुन्छ । यस्तो खरिद-बिक्री कहीँपनि हुँदैन । यो सबै ठगी हो,'- उनले भने ।

यसभन्दा अघिपनि एनसेलबारेमा आन्तरिक राजश्वका महानिर्देशकले क्यापिटल गेन ट्याक्स लिनुपर्दैन भनेको र इन्टरनेशनल ट्रिबुनलबाट नेपालले जितेपछि ४३ अर्ब नेपाललाई राजश्व आएको घट्ना स्मरण गराउँदै उनले अहिलेको खरिदबिक्री पनि गलत मनसायका साथ भएको दाबी गरे ।

एनसेलको शेयर बिक्रीमा नेपालका नेताहरुको पनि संलग्नता रहेको उनको ठोकुवा छ । उनले एनसेलका शेयर बिक्रीमा नेताहरुलाई अर्बमा फाइदा भएपनि नेपाली जनतालाई भने खरबौं घाटा लागेको उनको दाबी छ ।

नेताहरुको भ्रष्टाचारकै कारण गणतन्त्र खतरामा रहेको पनि उनले बताए । आजियाटाको ग्रप सिईओले आफूसँग नेपालको नेताहरुका कारणनै विदेशी लगानी भित्रिन नसकेको भनेर भनेको पनि सांसद सिंहले स्मरण गराए । नेताहरुको लिडरसीपका कारण नेपालमा विदेशी कम्पनीहरुले इमानदारीपूर्वक काम गर्न नसकेको उनले बताए । एनसेलको शेयर बेच्ने अभ्यास एक वर्षदेखि राजनीतिक दलका नेता, सरकारका पदाधिकारीलगायतको मिलेमतोमा भएको उनको दावी छ । 'केही बिजनेस माफिया, राजनीतिक दलका नेताहरु, सरकारका अधिकारीहरु मिलेर यो काम भएको हो । एक वर्षदेखि यो नेपाल सरकारलाई सन् २०२९ मा कसरी ह्याण्ड-ओभर नगर्ने, त्यसका लागि प्रयास भयो,'- उनले भने ।

६ अर्बमा कम्पनी बिक्री भएपनि एनसेलले नेपालका तीन वटा बैंकबाट ४० अर्ब ऋण लिएको उनले बताए । एनसेलका भ्यालुएसन ६ अर्बमात्रै हो भने ऋण प्रवाह गर्ने बैंकहरुलाई समेत कारबाहीको दायरामा ल्याउनुपर्ने उनले बताए ।

एनसेलले नेपाल इन्भेष्टमेन्ट बैंक, ग्लोबल आइएमई र स्ट्यान्डर्ड चार्टर्स बैंकबाट ४० अर्ब ऋण लिएको उनले दाबी गरे । एनसेल ६ अर्बमा बिक्री भयो भनेर पत्याउन नसकिने उनले बताए । नेपालको कर छली गर्नलाई सरकारकै मिलेमतोमा यूकेमा सो सम्झौता भएको उनले बताए । यूकेसँग नेपालको दोहोरो कर सम्झौता रहेको उनले बताए । सोही सम्झौताको फाइदा उठाउँदै खरिद बिक्री सम्झौता यूकेमा भएको उनले बताए ।

उनले एनसेलको २० प्रतिशत शेयरकर्ता शतिषलाल आचार्यको नाममा रहेको सुनिभेरा क्यापिटल भेन्चरको नाममा २०१७ देखि २०२३ सम्म १५० मिलियन डलर डिभिडेन्ट लगेको दाबी गरे । २० प्रतिशतबालाले त्यति धेरै डिभिडेन्ट लगेको कम्पनीको शेयर ५० मिलियनमा बिक्री हुन्छ भनेर पत्याउन नसकिने उनको भनाई छ ।

आजका दिनमा एनसेलको भ्यालुयसन दुई खर्बभन्दा बढि रहेको उनको दावी छ । एनसेलको मुद्दा अझै सर्वोच्च अदालतमा विचाराधिन रहेको बताउँदै उनले आगामी १९ गते तोकिएको पेशीमा चलखेल गरेर ५७ अर्ब कर छली गर्न खोजेको उनको दावी छ ।

दूरसञ्चार नियमावलीमा ५ प्रतिशतभन्दा बढि शेयर बिक्री गर्नका लागि दूरसञ्चारबाट स्वीकृति लिनुपर्ने व्यवस्था रहेको उनले बताए । आजियाटा बिक्रीको सम्झौता हुँदा उक्त स्वीकृति पनि नलिइएको उनको दावी छ ।

पहिला शतप्रतिशत शेयर नेपालीको नाममा ल्याउने, एक/दुई वर्षपछि आईपीओ जारी गर्ने, खरबौं रुपैयाँ नेपाली जनताको लिने र पुनः २६ प्रतिशत शेयर विदेशीलाई दिने प्रयत्न भइरहेको उनले आरोप लगाए ।

सत्ता साझेदार दलकै सहभागितामा यस्ता प्रकारका कर छली र भ्रष्टाचार भइरहेको उनको आरोप छ । उनले नेता र दलप्रति जनताको विश्वास गुम्दै जानुको कारण भ्रष्टाचारनै भएको दावी गरे ।

एनसेल चार वर्षपछि नेपाली जनताको सम्पत्ति हुने बताउँदै उनले अहिले भएको अपारदर्शी खरिद-बिक्रि नेपाली जनताले सडकमा आएर रोक्नुपर्ने उनको भनाई छ । ६ अर्बमा एनसेल साँच्चै बिक्री हुने हो भने नेपाल सरकारले किन्नुपर्ने उनको सुझाव छ ।

आर्थिक समाचार

प्राइम कमर्सियल बैंक कर्मचारी संघको अधिवेशन सम्पन्न

काठमाडौं । प्राइम कमर्सियल बैंक कर्मचारी संघको शनिवार तेस्रो केन्द्रीय अधिवेशन काठमाण्डौमा सम्पन्न भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत संजीव मानन्धरज्यूको प्रमुख अतिथ्यमा सम्पन्न उक्त अधिवेशनमा प्रमुख कार्यकारी अधिकृत श्री संजीव मानन्धरज्यूले बैंकको उन्नति तथा प्रगतिमा कर्मचारीहरुको मुख्य भुमिका रहने हुँदा सबै मिलेर अथक परिश्रम गर्न आह्वान गर्दै तेस्रो केन्द्रीय अधिवेशनको सफलताको शुभकामना तथा नयाँ कार्य समितिलाई बधाई ज्ञापन गर्नु भयो । सम्पन्न तेस्रो केन्द्रीय अधिवेशनबाट संघको केन्द्रीय समितिमा विगत १० वर्षदेखि संघमा आवद्ध रहेका श्री बुद्धि राज पोखरेलको अध्यक्षतामा १३ (तेह्र) सदस्यीय निर्विरोध निर्वाचित हुनु भएको छ । उक्त केन्द्रीय समितिमा अध्यक्ष बुद्धीराज पोखरेल, उपाध्यक्ष धन बहादुर गोले, महासचिव शैलेश उप्रेती, सचिव बालकृष्ण राउत, कोषाध्यक्ष राजेश मानन्धर, वरिष्ठ केन्द्रिय सदस्य दामोदर दुझाना, केन्द्रीय सदस्य (खुल्ला) विवेक दली, मिलन विक्रम बस्नेत, राजेश दाहाल, रेवन्त राज नेपाल तथा केन्द्रीय सदस्य (महिला) स्वेज्ना राजभण्डारी, मोनालिसा मल्ल र रुचिमा लोप्चन् निर्विरोध निर्वाचित हुनु भएको छ ।

राष्ट्रपतीय...

जनमत पार्टीका वडा अध्यक्ष प्रत्यासी बालकुमारी चौधरी, जनता समाजवादी पार्टी (जसपा) का वडा अध्यक्ष प्रत्यासी बद्री प्रसाद यादव, राम प्रसाद साह तथा नेपाली कांग्रेसका नेता नेवालाल साह, बुनिलाल बैठा लगायतका दर्जनौ नेता कार्यकर्ताहरु आजपामा प्रवेश गरेका छन् । नवप्रवेशीलाई आजपा अध्यक्ष साहले पार्टीमा स्वागत गरेका आजपाका केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए ।

"कसैले पनि बालबालिकालाई बाल यौन दुर्व्यवहार नगरौं" यस्तो कार्य गरेको पाइएमा बढीमा डेड लाखसम्म जरिवाना र पच्चीस वर्षसम्म कैद हुन्छ ।

बालबालिकाप्रति यस्तो दुर्व्यवहार भएको पाइएमा नजिकको प्रहरी कार्यालयको

निःशुल्क टेलिफोन नं. १०० माउजुरी गरौं वा पैसा नलाग्ने बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ नेपालमा खबर गरी बाल यौन दुर्व्यवहारको अन्त्य गरौं ।

"विपद्मा बालअधिकारको सुनिश्चितता : हामी सबैको साझा प्रतिबद्धता"

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

राष्ट्रिय बालअधिकार परिषद्

website: www.ncrc.gov.np, फोन नं. : १-५५५०१२१ र फ्याक्स नं. : १-५५२७५९१

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दाः

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं ।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पूनः प्रयोग गर्न न सकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्याक्ट प्राविधिबाट बल्ने प्लान्ट, तौलमा सेटै आना दुवक हुनुहोस

नेट्रो काठमाडौं ग्यास इण्डस्ट्रिज लिमिटेड
जुन कोला, धापढु
तल्ला कार्यालय सकिएपछी काठमाडौं
फोन: ४६६८५५, ७४०१८४ बैंक रोकी भन्नमा भतिएको तल्ला
ईमेल: metro@stcnepal.com

साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य वस्तुहरु

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००/- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं